# के तपाईंलाई थाहा छ ?

# खुदाको नजात तपाईंको निम्ति तयार गरिएको छ !

लेखक

**अब्द–अल–मसीह**

अनुवादक

**युसुफ यूहन्ना**

सम्पादन

**साबिर साफी**

प्रकाशक:

**खुदाका कलाम**

पो.ब.नं. १६१५, काठमाडौं, नेपाल

इमेल : khudakakalam@gmail.com

मो.नं. ९८०८०८३५२०

## तपाईंको जिन्दगीको मकदस के हो?

आज, धेरै नव जवानहरू खुदावन्दसँग आफ्नो (आत्मिकी) रुहानी अनुभवको गवाही दिदै यो कुरा कबुल गर्दछ कि तिनीहरुको जिन्दगीमा एक खास परिवर्तन आएको छ। ति मध्ये एउटा नव जवानको गवाही यस प्रकारको रहेको छ :

"म एक बिना मकसदको जिन्दगी जिईरहेको थिए र यस जिन्दगीमा प्राप्त गर्न सक्ने सबै भौतिक विलास प्राप्त गरे। मैले धर्म (मजहब) अनि अन्धविश्वास बीचको रास्तालाई खोजेको थिए, तर म भट्किएर गए। खराब विचार र चाहनाहरूले मलाई काबुमा राख्यो, अनि मेरो शरीरलाई दास बनायो र मेरो ईच्छालाई पक्षघात बनायो। म आफैलाई नफरत गर्दथे। मेरो जिन्दगी अन्धकारमा डुबेको थियो। म गलत (रास्ता) बाटोबाट निस्कन खोजे तर नाकाम भए।

त्यसपछि, खुदाको रहम र मेहरबानीले जिउँदो ईसा मसिहलाई भेट्टाए र उहाँले मेरो (आत्मा) रुहलाई चंगाई गरिदिनुभयो। उहाँले मेरो हृदयलाई साफ गरिदिनुभयो र उहाँले मलाई मजबुद जगमा खडा गर्नुभयो। त्यस अनुभवद्वारा मैले मेरो जिन्दगीको मतलब र नयाँ मकसद पाए। नाउम्मिदी (निरास) र दु:ख मबाट हटेर गयो। एक नयाँ (आशा) उम्मीद मेरो जिन्दगीमा आयो। मैले खुदावन्दको कलामलाई सुने र त्यस अनुसार खुदालाई दुआ गर्दा उहाँबाट जवाफ पाउन थाले। अब, मैले यो जाने कि मेरा सबै गुनाह माफ गरिएको छ, मेरो पूरा जिन्दगी नै बदली भयो, र मेरो रुह फेरी जिउँदो भयो। खुदाको (कुब्बत) शक्तिले मेरो कमजोरीमा काम गरिरहेको छ। मैले मेरो (दिल) हृदयमा एउटा नयाँ गीत गाईरहेको छु अनि मेरो नजातको लागि खुदावन्दको तारिफ गर्दछु।"

प्रिय मित्र, यी नव जवानको जस्तै आज धेरै आवाजहरूले यो साबित गरिरहेको छ र जिउँदो ईसा मसिहलाई भेट गर्नलाई आग्रह गरिरहेको छ। उनीहरूको अनुभवबाट अचम्मको (मुक्ति) नजातलाई कबुल गरेको छ। के तपाईं नयाँ जिन्दगीको (रास्ता) बाटो थाहा पाउन चाहनुहुन्छ? के तपाईं खुदाको (प्रेम) मोहब्बतमा रहेर सुखी मानिस बन्न चाहनुहुन्छ,? के तपाईं खुदा र मानिसको सामने एक पाक साफ दिल र असल नाम पाउन चाहनुहुन्छ ? यदि चाहनुहुन्छ भने यस किताबलाई पढ्नुहोस् अनि खुदावन्दको कलामलाई इबादत र दुआमा सोच्नुहोस् कि खुदाले तपाईंलाई बोलाईरहनुभएको छ। उहाँले तपाईको जिन्दगीलाई एक नयाँ (उद्देश्य) मकसद दिन चाहनुहुन्छ।

# आफ्नो पूरा हृदयले खुदाकहाँ आउनुहोस् ।

धेरै मानिसहरू खुदादेखि दुर रहन्छन् । उनीहरू खाने, पिउने र शादी गर्ने र बेकारका चिजहरूको पछि दौडन्छ र यस्तो बर्ताब गर्दछ कि तिनीहरुसँग जमिर नै छैन । उनीहरूले आफ्नो हृदयमा गुप्त (गुनाह)पापहरू लुकाई राख्दछ; र यो महसुस गदैनन् कि उनीहरू दोजखको बाटोमा गईरहेका छन् । तिनीहरु यो तर्क गर्दछ कि धेरै (रास्ता) बाटोहरु छन् तर उनीहरू खुदादेखि धेरै दुर छन् । तिनीहरूको (मजहबी) धर्मको हठले तिनीहरूलाई गुनाहको गहिराईमा लग्दछ । जसरी ईसा मसिहले भन्नुभो, *"धिक्कार तिमीहरुलाई, शास्त्री र फरिसी हो, पाखण्डीहरु ! किनकि तिमीहरु चुन लाइराखेका (कब्र) चिहानहरु जस्ता छौ, जो बाहिरपट्टि सुन्दर देखा पर्छन्, तर भित्रपट्टि भने मरेका मान्छेहरुका हाडहरु र सबै अशुद्धताले भरिएका हुन्छन् ।" मत्तिको ईन्जील २३:२७*

प्रिय मित्रः हामी तपाईंलाई जिउँदो खुदाकहाँ आउन आग्रह गर्दछौ । उहाँले तपाईंलाई (व्यर्थ) बेक्कारमा बनाउनुभएन । उहाँले तपाईंलाई धेरै (प्रेम) मोहब्बत गर्नुहुन्छ र उहाँको चेहरा तपाईंतिर प्रकट गर्नुहुन्छ । यदि तपाईं खुदा बिना जिन्दगी जिउन हुन्छ र उहाँलाई ईन्कार गर्नुहुन्छ भने, तपाईं हराउनुहुनेछ र विना मकसद नै भट्केर जानुहुनेछ । तपाईंको रुह खाली हुनेछ र (निरासा) ना-उम्मीदको हुनेछ, कारण तपाईं एक हराएको र भट्केर गएको मानिस जस्तै हुनुहुनेछ ।

अनन्तका, पाक खुदाले तपाईंलाई उहाँको मोहब्बतको रहमत दिन चाहनुहुन्छ अनि उहाँको रुह तपाईं भित्र राख्न चाहनुहुन्छ ताकि तपाईं एउटा यस्तो जिन्दगी जिउन सकून् जो सहि अर्थमा जिन्दगी भन्न सकियोस् । खुदाकहाँ आउनुहोस् कारण उहाँ तपाईंको नजिक आउन चाहनुहुन्छ, जस्तो उहाँले वादा गर्नुभएको छ, *"जब तिमीहरुले आफ्ना सारा हृदयले मलाई खोज्नेछौ, तब तिमीहरुले मलाई खोजेर पाउनेछौ ।" यर्मिया २९:१३*

एक नब-जवान जो (मुस्रिक) मूर्तिपुजकहरूको माझमा बस्दथे, उसले यहूदी, इसाई, मुसलमानको मजहब (धर्म) बारे पढे । उनी तिनीहरूको भिन्नता र विवादमा अल्झिए र आफैलाई धेरै चोटी सोध्न थाले, "के खुदा एक वा तीन, वा तीनै जना एकै खुदा हुनुहुन्छ? सही (रास्ता) बाटो कुन हो? सत्य के हो?" उनी उल्झनमा पर्नथाले र रूदै आसमान तर्फ हेरी, (ना-उम्मीद) निरासाको

गहिराईमा चिच्चाउन थाले, "हे खुदा, यदि तपाईं हुनुहुन्छ भने, मलाई (प्रकट) जाहिर गरिदिनुहोस् ! म तपाईंलाई जान्न चाहान्छु र तपाईंको शरणमा बस्न चाहन्छु । म तपाईं बिना अब एक पल पनि बाँच्न सक्दिन!"

खुदाले उसको हृदयको पुकारा सुन्नुभयो । केही समयपछि त्यो नव जवान आफ्नो कामबाट घरतर्फ जाँदा उसले एउटा पहिलो रंगको कागजको ट्रूक्रा बाटोमा फालिएको भेट्टाए । उसले त्यसलाई टिपेर पढ्न थाले जसमा लेखिएको थियो "यदि तपाइले खुदाको बारेमा जान्न चाहनुहुन्छ भने यस ठेगानामा लेख्नुहोस्, अनि तपाईंलाई (किताबे मुकद्दस) बाइबल सित्तैंमा पठाईदिनेछौ । उसले चिठी लेखे र केही समय पछि बाइबल र केही पुस्तक प्राप्त गरे । जब उसले त्यो प्राप्त गरे तब तिनी खुसीले रुन थाले, कारण उसले बुझे कि जिउँदो खुदाले उसको दुआको जवाफ दिनुभयो । उसले (किताबे मुकद्दस) बाइबललाई बहुत ध्यानसित पढ्न शुरु गरे, र चाँडै नै उसले साँचो खुदालाई जान्न पाए । यस नयाँ ईमानले उसको जिन्दगी र (वर्ताव) व्यवहार दुवै बद्लियो । ऊ सच्चाँईको बाटोमा चल्न थाले र खुदाको एक सच्चा (खादिम) सेवक बने ।

प्रिय मित्र, जिउँदो खुदाकहाँ आउनुहोस् कारण उहाँले तपाईंलाई (इन्तजार) पर्खी गरिरहनुभएको छ । तपाईं उहाँदेखि जति दुर जानुहुन्छ, त्यतिनै अन्धकारमा रहनुहुन्छ । आफ्नो (खालिक) सृष्टिकर्ता कहाँ आउनुहोस् र (नास्तिक) काफिरहरूको झूटलाई ईन्कार गर्नुहोस् । उनीहरू जस्तो नहुनुहोस् । तीन हजार वर्ष पहिले नबी दाऊदले यसरी लेखेका थिए, *"मूर्खले आफ्नो मनमा भन्छ, खुदा छदैंछैन । तिनीहरु भ्रष्ट भएका छन्, तिनीहरु नीच काम गर्दछन् । असल गर्ने कोही छैन ।" जबूर अर्थात भजन १४:१*

अन्धकारमा भड्कने मानिसको बाटोमा नहिड्नुहोस् । तिनीहरूको झूट देखि टाढा बस्नुहोस् । तपाईंको एक्लोपनलाई छोड्नुहोस् र खुदाको (ज्योति) नुरको नजीक आउनुहोस् । तपाईंको खुदाले तपाईंलाई (दया) रहमको आवाजले बोलाउदै हुनुहुन्छ ।

*"हे सबै मेहनत गर्ने र बोझले दबिएका हो, म कहाँ आओ, म तिमीहरुलाई आराम दिनेछु । मेरो जुवा आफूमाथि लेओ र मसँग सिक, किनभने म विनम्र र कोमल हृदयको छु, अनि तिमीहरुले आफ्ना (रुह) आत्मामा आराम पाउनेछौ । किनकि मेरो जुवा सजिलो छ, र मेरो बोझ हलुको छ ।" मत्तिको ईन्जील ११:२८-३०*

खुदाको आवाजलाई सुन्नुहोस्, अनि खुदाको नजिक जानलाई आफ्नो पुरा मनले तय गरी, उहाँलाई जवाफ दिनुहोस । आफैलाई सोध्नुहोस, "के म साँच्चै खुदावन्द कहाँ जानलाई चाहन्छु र मेरो हृदयदेखि नै उहाँलाई खोजेको छु ?" यति नै काफी छैन कि तपाईंको मकसद असल हुनुपर्छ तर तपाईंको आखिरी फैसला पनि हुनुपर्दछ । यदि तपाईं साँचो मकसदले खुदालाई खोज्नुहुन्छ भने, उहाँ तपाईंको नजिक जरुर आउनुहुनेछ र तपाईंलाई शिफा दिनुहुनेछ र तपाईंलाई बचाउनुहुनेछ ।

बहराइन देशबाट एक नव जवानले हामीलाई यसरी चिठी लेखे, "म जान्दिन कि मैले कसमाथि ईमान ल्याँऊ ? के म एक मुसलमान, एक नास्तिक या एक इसाई हुँ ? के तपाईं मलाई मदद्त गर्न सक्नुहुन्छ कि म कसको बाटोमा चलु – मुहम्मद, मार्क्स वा ईसा मसिह ?" उनले आफ्नो चिठीको तल लेखेका थिए – एक बे-चैन मानिस ।

यी नव जवान अरुहरु जस्तै दुनियाको मोजमस्तीमा डुबेका थिए । किसमतले गर्दा यी नव जवान आफ्नो ना-उम्मिदको गहिराईमा डुबेको थिएन न उसले उम्मीद छोडेको थिए । उसले मद्दतको निम्ति पुकारा गरे अनि यो जान्न चाहे कि ऊ कसको पछि चलु । ऊ रित्तो देखावटी परम्परा, बे-ईमानी अल्फाज र बे-जान उसुलमा खुसी हुन सकेन । उसलाई लाग्यो कि यी भन्दा अझ बढी केही कुरा छ । खुदाको नजदिकमा आउन जरुर कुनै बाटो छ ।

हो, एक जिउँदो खुदा हुनुहुन्छ । उहाँ नै सबै मानिसको एक साँचो पिता हुनुहुन्छ । आफ्नो पछि लाग्नेहरुको निम्ति उहाँ एक असल नमूना हुनुहुन्छ । उहाँले मानिसलाई खराब र गुनाहको फोहोरबाट निकालेर आफ्नो (पाकिजगी) पविताात्रा र मोहब्बतले ढाक्नुभयो । उहाँले मानिसको निम्ति जुन कानून बनाउनुभएको छ, त्यसमा साफ-साफ जाहिर गर्नुभएको छ, *"मानिसको काम-अनुसार इन्साफ गर्नुहुनेलाई पिता भनी पुकारा गर्छौ भने, तिमीहरुका सम्पूर्ण समय डरसँग बिताओ ।" १ पत्रूस १:१७*

यी पाक खुदाले तपाईंले आफैलाई बचाउनको निम्ति भन्नुभएको छैन । आफूले आफैलाई बचाउन (नामुम्किन) असम्भव छ । उहाँले तपाईंलाई गलत इन्सानी फितरतबाट छुटकारा दिन चाहनुहुन्छ । अनि दुनियावी कानून र उसूलहरुबाट बचाउनुहुन्छ ।

खुदाले मानिसलाई उहाँको आफ्नै स्वरूपमा बनाउनुभयो। यसैले, हामी उहाँको (पाकीजगी) पवित्रतामा हिडेको चाहनुहुन्छ। खुदाले आफ्नो मित्र ईब्राहीमलाई भन्नुभयो, *"म सर्वशक्तिमान खुदा हुँ। मेरो सामू हिड्, र निर्दोष भएर बस।" उत्पत्ति अर्थात पैदाइश १७:१*

खुदाले तपाईंलाई तपाईंको गुनाहहरूको बन्धनबाट (स्वतन्त्र) आजाद गर्नुहुन्छ। उहाँले तपाईंको हृदय र रुहको कमजोरीलाई दुर गरी तपाईंलाई पाक र साफ गर्न तयार हुनुहुन्छ।

तपाईंले यो कुरा बुझ्नै पर्दछ कि खुदाको (पाकीजगी) पवित्रातासँग बराबरी गर्नलाई तपाईंको पूराको पूरा असल काम पनि काफी छैन। उहाँको सामून्ने कोही पछि असल छैन, र हामीहरू आफुले आफैलाई कुनै प्रयासले बचाउन सक्दैनौ। ति असल काम जो खुदाबाट चाहनुहुन्छ, त्यो उहाँको (पाकजगी) पवित्रता, रहम र मोहब्बत सिवाय अरू कुनै पनि होइन। ईसा मसिहले यसलाई यसरी जाहेर गर्नुभयो, *"तिमीहरको आसमानी पिता जस्तो (सिद्ध) कामिल हुनुहुन्छ, तिमीहरु पनि त्यस्तै हुनुपर्छ।" मत्तिको इन्जील ५:४८*

हरेक मानिस जसले खुदाको यस खुसीको खबरलाई पढ्छ र यसको अर्थ बुझ्छ, ऊ (ना-उम्मीदी) निरासाबाट निक्लनेछ कारण हामी खुदा जस्तो कामिल बन्न सक्दैनौ। तरैपनि उहाँले हामीलाई गुनाहको सही अर्थ बताउनुहुन्छ कि हामी खुदा जस्तो (पाकतरीन) पवित्र छैनौ। ईसा मसिहले धनी नव-जवानलाई भन्नुभयो, *"तिमी किन मलाई असल भन्छौ ? एकमात्र खुदाबाहेक अरु कोही असल छैन।" मर्कूस १०:१८।*

मेरो प्रिय मित्र, यस पुरानो भनाईलाई सुन्नुहोस् – यदि तपाईंले खुदाको सच्चाईलाई पहिचान गर्नुभयो भने तपाईंले आफूभित्र उहाँको (ज्योति) रोशनीलाई देख्न सक्नुहुनेछ।

यहाँ धेरै यस्ता मासिनहरु छन् जसले यो सोच्दछ कि ऊ अरुहरू भन्दा दयालु, शिक्षित र इज्जतदार मानिस हो। तर उसले यो जान्दैन कि खुदाले उसलाई उहाँको नजरले हेर्नुहुन्छ। हरेक मानिस खुदाको सामून्ने (पापी) गुनाहगार छ। खुदाको साँचो समझले हाम्रो (घमण्ड) गरुरलाई पगाल्दछ। खुदा बाहेक अरु कोही पनि असल छैन, न त एउटा मानिस अर्को भन्दा बेहतर (असल) नै छ।

जसले आफ्नो बराबरी खुदासँग गर्दछ, उसले यो सोच्दछ कि ऊ एक असल

इन्सान हो र बाँकी सबै नालायक, खराब र गुनाहगार छन्। कोही पनि यस रुहानी (जाँच) इन्तेहानमा पास हुन सक्दैन। पावलले यस सच्चाईलाई आफ्नो पत्रमा यसरी लेखेका छन् – *"सबैले गुनाह गरेका छन्, र खुदाको (जलाल) महिमासम्म पुग्नबाट चुकेका छन्"। रोमी ३:२३*

के तपाईं यस सच्चाईलाई कबुल गर्नुहुन्छ? के तपाईं अझै यो भन्न सक्नुहुन्छ कि म एक असल मानिस हुँ र म अरु मानिसभन्दा असल छु ? यदि तपाईं ईमान्दार र सच्चा हुनुहुन्छ भने तपाईंले आफ्नो (बिबेक) जमिरको आवाजलाई सुन्नुहुनेछ, जसले तपाईं भित्र लुकेको गुप्त गुनाहहरूको निम्ति गुनाहगार (पापी) ठहराउदछ। तपाईंलाई यो थाहा छ कि तपाईंले कहाँ र कसरी धेरै गुनाह गर्नुभएको छ। जब तपाईं खुदाको नजीक र उहाँको (नूर) ज्योतिमा आउनुहुन्छ तब तपाईंले आफ्नो जिन्दगीको दाग र गुनाहहरू अझ स्पष्टसँग देख्नुहुनेछ। खुदा कहाँ अहिले नै आउनुहोस् र ढिलो नगर्नुहोस्, कारण लेखिएको छ, *"हेर, नजातको दिन अहिल्यै हो।" २ कोरिन्थी ६:२*

## खुदाकहाँ आफ्ना गुनाहहरुको माफी माग्नुहोस् र झूटो नबोल्नुहोस्।

एक समयमा, दुई मानिस खुदालाई दुआ गर्दैथिए। ती दुई मध्ये एकजनाले आफुलाई (रास्ताबाज) धर्मी देखाए, तर अर्को चाँहि चोर र फटाहा थिए। आफूलाई रास्ताबाज (धर्मी) ठान्ने मानिसले उभिएर सबैको सामून्ने घमण्डको साथ यस प्रकारले दुआ गरे, *"हे खुदा, म तपाईंलाई धन्यवाद दिन्छु, म अरु मानिसहरुजस्तो धुताहा, अन्यायी, व्यभिचारी, अथवा यही कर उठाउनेजस्तो पनि छैनँ।" लूकाको इन्जील १८:११-१२।*

तर अर्को मानिस, जो चोर थिए, पर एक कुनामा खुदासँग दुआ गरे। त्यो अति लज्जीत थिए। आफ्नो गुनाहको कारणले लाज र शर्म महशुश गर्दै माथि आकाशतिर आफ्नो आँखा उठाउन सकेनन्। त्यसले आफ्नो शिर निहुराए र छाती पिट्दै यसरी दुआ गरे, *"हे खुदा, म गुनाहगारमाथि (रहम) दया गर्नुहोस्।" लूकाको इन्जील १८:१३।*

ईसा मसिहले सफासँग यही देखाउनुभयो कि त्यो मानिस जो आफैलाई अति (धर्मी) रास्ताबाज ठान्दथे वास्तवमा त्यो (मतलबी) खुद्गर्ज र पाखण्डी थिए र उसको दुआ सुनाई भएन। तर त्यो चोरले चाहिँ उसको मनमा शान्ति र छुट्कारा पाई आफ्नो घरतिर लागे, किनभने त्यसले खुलेर आफ्नो गुनाहहरूलाई

कबुल गरेका थिए र दिलदेखि नै (तौबा) पश्चाताप गरेका थिए ।

प्रिय मित्र, हामी यही सल्लाह दिदंछौ कि तपाईंले खुदाको अगि आफ्नो गुनाहहरूलाई मानिलिनुहोस् । यदि तपाईंले कुनै गुनाह गर्नुभएको छैन भनि सोच्नुहुन्छ भने, नम्र भईकन पाक खुदाकहाँ आत्मसर्म्पण गर्दै भन्नुहोस्, “हे खुदा, कृपा गरि मेरो हरेक अर्धम र मेरा गुप्त गुनाहहरूलाई देखाइदिनुहोस् । तपाईंको (नूर) ज्योतिले मेरो दिलको घृणित बिचार र अभिलाषाहरूलाई देखाई दिनुहोस् । मैले बोलेको सबै खराब बोलीहरू र मैले गरेको खराब कामहरू मलाई सम्झना गराईदिनुहोस्, ताकि म मेरा गुप्त गुनाहहरु (तौबा) प्रायश्चित गर्न सकू, आमिन् ।”

तपाईंको भित्री (जमिर) विवेकलाई ढाक्ने पर्दालाई हटाउनलाई हिम्मत बाध्नुहोस् । उहाँलाई तपाईंको हृदयको गुप्त गुनाहहरू ढाक्ने नकाबलाई हटाउन दिनुहोस् । त्यसपछि तपाईंले लुकेको गुनाहको रासलाई महसुस गर्नुहुनेछ । यस्तो कोही व्यक्ति छैन जसले गुनाह नगरेको होस् । खुदा मात्र (बेगुनाहगार) पापरहित हुनुहुन्छ । रहम (दयालु) हृदयको खुदाबाट जिवित ज्ञान खोज्नुहोस् । आफू कस्तो छु भन्ने सच्चाई जान्नुहोस् । अनि खुदाले तपाईंलाई उहाँको दश आज्ञा (शरियत) मान्न सिकाउनु हुनेछ । यी दश (शरियत) आज्ञा तपाईंको पापमय रुहको निम्ति एक खुदाई ऐना हो । खुदाको शरियतद्वारानै तपाईं यो बुझ्न सक्नुहुन्छ कि तपाईं अरू मानिसभन्दा असल हुनुहुन्न ।

खुदाले हामीलाई उहाँको (व्यवस्था) सरियतबाट यही देखाउनुहुन्छ कि हामीले उहाँलाई हाम्रो सारा प्राण, आत्मा र शरीरले मोहब्बत गर्न सक्दैनौं । हामी संसारको धन सम्पत्तिको लालचको गर्दछौं, हाम्रो सुन्दरतामा अचम्मित हुन्छौ, र खुदाभन्दा संसारको “वस्तुहरू” लाई (पुज्दछौं) सज्दा गर्दछौं ।

यौन अनैतिकता चाहिँ गुनाह हो जो हाम्रो शरीरको गहिराईमा दाग बनी बस्दछ । कति मानिसहरूको विवेकमा अचम्मको खराब विचारहरू, सपनाहरू, शब्दहरूले नराम्रा प्रभाव पार्ने काम गर्दछ ! यदि हामीले एक रातमा गरेका गुनाहहरुलाई एक चोटि मात्र विचार गऱ्यौ भने हामी त्रसित हुन्छौं र लज्जित हुन्छौ ।

यी सबै बाहेक, हामीले व्यक्तिगत रूपमा गरेका झूट र छलका कामहरू देख्न सक्छौं । आज कसले एकले अर्कालाई विश्वास गर्न सक्छ र? धोकाघडीको विषले भरिएको हाम्रो समाज छ । पाक खुदा हरेक झूट, कलंक र अनादरलाई

घृणा गर्नुहुन्छ । उहाँले हामीलाई मोहब्बत गर्नुहुन्छ र हामी ईमान्दार र सत्यमा रहेको चाहनुहुन्छ । ईसा मसिहले स्पष्टसँग भन्नुभयो, *"गुनाह गर्न लाउने परिक्षाहरु निश्चय आउनेछ । तर धिक्कार त्यस मानिसलाई, जसद्वारा ती आउनेछन् । जुन मानिसले यी सानाहरुमध्ये एउटालाई गुनाह गर्न लाउँछ, त्यसको गलामा जाँतोको एउटा पाटा झुण्डचाएर त्यसलाई समुन्द्रमा फालिदिनु त्यसको निम्ति बेश हुनेछ ।" लूकाको इन्जील १७ :१-२*

गुनाहले हामीलाई धनी बन्ने, घमण्ड गर्ने र बलियो हुने जस्ता इच्छाहरु सृजना गर्दछ । यसले हृदयलाई (ढुगा) पत्थरझै कडा हुन् बनाउछ, तर बाहिरी अनुहार चाहिँ रहम र धर्मी देखिन्छ । हामी कति चोटि बिरामी वा कमजोर मानिसलाई मद्दत गर्न ईन्कार गर्छौं । के तपाईंले कहिले बेसाहारालाई हेरविचार गर्नुभएको छ?

(रहम) दयाले हाम्रो हृदयमा बास गर्न सक्दैन; यो चाहिँ पूर्णरूपमा स्वार्थी र घमण्डले भरिएको हुन्छ । त्यसैकारण, खुदाले प्रेरित पावलद्वारा हाम्रो समाजको वास्तविकता देखाउनुभएको छ, *"लेखिएको छ - धर्मी कोही छैन, एक जना पनि छैन । बुझ्ने कोही छैन, खुदालाई खोज्ने कोही पनि छैन । ती सबै बरालिएका छन्, तिनीहरु एकसाथ बेकम्मा भएका छन् । कसैले असल गर्दैनन्, असल गर्ने एकजना पनि छैन ।" (रोमी ३:१०-१२)*

प्रिय मित्र, के तपाई अझैं आफुलाई राम्रो मानिस भनी दाबी गर्नुहुन्छ ? के तपाईंले त्यो गहिरो खाडल देख्नुभएको छ, जसले तपाईंलाई पाक खुदाबाट अलग गरेको छ? यदि तपाईं आफैमा इमान्दार हुनुहुन्छ भनी तपाईंले खुदामा आफ्नो सबै थोक कबुल गर्नु पर्दछ र तपाईं भित्री (आत्मा) रुहदेखि नै उहाँमा रूनुपर्दछ र भन्नुपर्दछ; "हे खुदा, ममाथि (रहम) दया गर्नुहोस्, किनभने मेरो गुनाहले मलाई तपाईदेखि अलग गरेको छ । मैले तपाईंकै विरूद्धमा गुनाह गरेको छु, र तपाईंको दृष्टिमा मैले खराब काम गरेका थिए । म दोषी र अशद्ध छु । म दुष्ट विचार भएको मानिस हुँ । मेरो टुटेको हृदय जोड्नुहोस् र मदेखि टाढा नहुनुहोस् । मलाई धुनुहोस् र पूर्ण रूपमा सफा बनाउनुहोस् । तपाईंको नजातले मलाई भर्नुहोस । हे खुदा, मेरो हृदयको दुआलाई सुन्नुभएको लागि धन्यबाद । आमिन् ।

## नजात चाहिँ सारा संसारको निम्ति पूरा भईसकेको छ ।

केही (मजहब) धर्महरूले हामीहरुलाई यही सिकाउदछ कि नजात चाहिँ असल काममा निर्भर रहन्छ । केही मानिसले यो सोच्दछ र कुरआनले पनि भन्दछ कि असल कामहरूले नै नराम्रो कामहरूलाई मेटाई दिन्छ । प्रायजसो यी (मजहब) धर्महरूले आफ्नो पछि लाग्नेहरुलाई (ब्यबस्था) शरियतको बोज हालिदिन्छ जसलाई वास्तवमा कसैले पनि बोक्न सक्दैन् । इतिहास र वास्तविकताले यही साबित गर्दछ कि तौरात र ईन्जिलले सत्य जाहिर गर्दछ *“मसीहले तिनलाई भन्नुभयो, असल के हो त्यस विषयमा तिमी मलाई किन सोध्दछौ ? असल त एउटैमात्र हुनुहुन्छ । तर तिमी जीवनमा प्रवेश गर्न इच्छा गर्दछौ भने, आज्ञाहरु पालन गर ।” मत्तिको इन्जील १९:१७*

जो कोही यस सच्चाईलाई ईन्कार गर्दछ, उसले खुदालाई चिन्दैन नत कहिले उहाँको स्वभावलाई जान्न सक्दछ । पाक खुदा मोहब्बतले भरिपूर्ण हुनुहुन्छ । उहाँको सामु, एकदमै राम्रो काम र धर्मकर्म पनि स्वार्थी अभिलाषाले प्रदुषित भएको हुन्छ ।

*“यदि हामी भन्छौं, हामीमा गुनाह छैन भने हामीले आफैलाई धोका दिईरहेका छौ, र सत्य हामीमा हुदैनौ, र हामीले खुदालाई झूटा बनाइरहेका छौं ।” १ यूहन्ना १:८*

प्रिय मित्र, के तपाईंलाई थाहा छ कि हरेक गुनाह चाहे त्यो सानोभन्दा सानो किन नहोस्, त्यसले गुनाहगारमाथि मृत्यु ल्याउदछ ? गुनाहले हामी सबैलाई मृत्यु र दोजकको आगोमा जान योग्य बनाउदछ । कोही पनि पाक छैन नत जिउनको लागि (योग्य) काबिलनै छ । हामी सबै नष्ट भईरहेकाछौ भनी इन्जिलले यसरी भन्दछ, *“किनकि गुनाहको (मजदुरी) ज्याला मृत्यु हो, तर खुदाको सित्तैंको वरकत इसा मसिह हाम्रा खुदावन्दमा अनन्त जीवन हो ।” रोमी ६:२३*

तर रहीम र मेहरबान खुदाले आफ्नो (केहर) क्रोध शान्त गर्नुभयो । उहाँले आफ्नो इन्साफ मुताबिक उहाँको हुकुम नमान्नेहरूलाई तुरून्त नाश गर्नुभएन । उहाँले गुनाहगारहरूलाई त्यसबाट बच्ने मौका दिनुभयो । उहाँले तिनीहरूलाई एउटा अगुवा दिनुभयो जसले कुर्बानी र भेटीको बाटोमा अगुवाई गर्नुहुन्छ ।

पुरानो जमानामा, हरेक गुनाहगारले एउटा जनावरलाई साथ लिईकन कुर्बानगाह (वेदी) मा कुर्बानी दिन जाँदथे । अनि उसको हात त्यस जनावरको

शिरमा राखी खुदाको अघि आफ्नो गुनाह कबुल गर्नुपर्दथ्यो। यो एउटा ईशारा थियो कि उसको गुनाह त्यस जनावरमाथि राखिएको छ। त्यसपछि उसले त्यस जनावरलाई आफ्नै हातले मार्दथ्यो र त्यस जनावरको रगत बग्दथ्यो।

खुदाको कलामले भन्दछ, “वास्तबमा, सरियत अनुसार रगतले प्रायः सब थोक शुद्ध पार्दछ, र रगत नबाईकन गुनाह माफी हुन सक्दैन।” इब्रानी ९:२२

त्यो गुनाहगार व्यक्तिले कुरबानगाहमा आफ्नो कुरबानीलाई आगोमा जलेको देखि यो बुभ्दथ्यो कि यदि त्यो जनावरलाई कुर्बानी नगरिएको भए, वास्तबमा ऊ स्वयम् आफ्नो गुनाहको निम्ति मर्नुपर्दथ्यो।

पुरानो (अहद) करार चाँहि खुनी कुर्बानीले बनिएको थियो, जहाँ दिन रात कुर्बानी बलिदान चढाउदथ्यो। खुदाको समक्ष एउटा समाधानको उपाय विना नत गुनाहको माफी क्षमा छ न जिन्दगीनै छ।

पुरानो (अहद) नियमका नबीहरूले खुदाबाट यो कुरा बुझेका थिए कि यी सबै (कुर्बानी) बलिदानहरू केवक एक निशानी मात्र हुन्, जसले एउटा आखिरी र उत्तम कुर्बानीलाई ईशारा गर्दछ। जनावरहरूको कुर्बानीले मानिस सधैंको निम्ति (आजाद) स्वतन्त्र हुन सक्दैन। सारा मानिसहरुमध्ये सबैभन्दा असल मानिस पनि अरुको गुनाहको निम्ति कुर्बानी दिन योग्यको छैन।

यसैले खुदाले माथी आसमानबाटै पाक र साफ (बर्रा) थुमा तयार गर्नुभयो जो चाँहि सबै मानिसलाई गुनाहबाट पाक र साफ गर्नको निम्ति (योग्य) काबिल थिए। यो थुमालाई सबै (गुनाहगार) पापीहरूको निम्ति मरेर खुदाको सजायबाट बचाउनलाई आसमानबाट जमिनमा पठाईयो। यो पाक थुमा चाहिँ खुदावन्द ईसा मसिह हुनुहुन्छ, जो यस दुनियाको लागि एक कुर्बानी हुनुहुन्छ। जसले उहाँलाई कबुल गर्दछ, उसको निम्ति खुदाको फजल (अनुग्रह) प्राप्त गर्दछ।

उहाँ यस संसारमा एक साधारण मानिस जस्तै जिन्दगी जिएर खुदाको मोहब्बतमा भरिनुभो। उहाँले हाम्रो गुनाहलाई बोक्नुभयो र हामीलाई (आजादी) छुटकारा दिनुभयो। उहाँले हाम्रो सट्टामा गुनाहको सजाय (क्रूस) सलीबमा भोग्नुभयो।

के तपाईं खुदाको मेहरबानी रहमलाई कहिले बुभ्नुभएको छ, जसले तपाईंबाट कुनै पनि असम्भव कामहरू गर्नेलाई तपाईंसँग माग गर्नुभएको छैन? उहाँले शुरूदेखि नै तपाईंलाई आफ्नो (अनुग्रह) फजलद्वारा रास्ताबाज र साफ गर्नको निम्ति एउटा बाटो तयार गर्नुभएको थियो। ईन्जीलले हामीलाई यही

बताउछ कि खुदाको फरिस्ता रातको समयमा भेडाबाँखा हेर्ने गोठालाहरूसँग देखा परे, र तिनीहरूलाई यसो भने, *"नडराओ, किनभने, म तिमीहरुलाई खुस खबरी सुनाउँछु, जो सबै मानिसहरुका निम्ति हुनेछ। आज दाऊदको शहरमा तिमीहरुका निम्ति एउटा नजान दिनुहुने मुक्तिदाता जन्मनुभएको छ, जो इसा मसिह हुनुहुन्छ।" लूकाको इन्जील २:१०-११*

खुदाले हाम्रो पूर्ण नजातको निम्ति ईसा मसिहलाई तयार पार्नुभयो। हामी खुदालाई धन्यबाद र (इबादत) स्तुती दिदै तपाईं समक्ष यो गवाही दिन्छौ कि ईसा मसिहले हाम्रो गुनाहहरूलाई हटाउनुभयो र हाम्रो हृदयहरूलाई सफा पार्नुभयो। हामीलाई पाक खुदाबाट दुर गराउने सबै गुनाह हामीबाट उठाईलैजानुभयो। बप्तिस्मा दिने यूहन्नासँगै हामी भन्दछौं, *"हेर, दुनियाको गुनाह उठाइलैजानुहुने खुदाको थुमा"। यूहन्नाको इन्जील १:२९*

हामीले हाम्रो नजातको लागि अब कुनै कोशिष गर्नु पर्दैन। ईसा मसिह यस दुनियामा आउनुभयो र उहाँको मृत्युद्वारा हामी बचाइएका छौ। उहाँले हामीलाई सित्तैंमा अनन्तको नजात दिनुभयो।

हामी प्रेरित पावलले जस्तै यो कबुल गरौ, *"यसैकारण (इमान) विश्वासद्वारा (रास्तबाज) धर्मी ठहरिएर हाम्रा खुदावन्द मसीहद्वारा खुदासँग हाम्रो मिलाप भएको छ।" रोमी ५:१*

के तपाईं खुदाको त्यो पाक र साफ थुमा कहाँ आउनुभएको छ, जसले तपाईंको गुनाहहरू उठाईलैजानु भएको छ? खुदाले ईसा मसिहलाई सबै मानिसहरूको अगुवा बनाउनुभयो। उहाँ साधारण मानिसभैंं जन्मनुभएन, तर खुदाको रुहानी तागतले कन्ये मरियमको कोखबाट जन्मनुभयो। उहाँ चाहिँ खुदाको कलामबाट जन्मनुभयो र खुदाको रुह र (जिस्म) शरीरमा भरीपूर्ण हुनुभयो। खुदाको वजुद ईसा मसिहको शरीरमा प्रकट भयो।

आज धेरैले यस सच्चाईलाई इन्कार गर्दछ। तिनीहरूले जन्नत र दुनियाको ठुलो बरकतलाई इन्कार गरेका छन्। तिनीहरूको हृदय पत्थरभैंं कठोर भएको छ र समभ्रुहरू दोधारमा परेको छ। तिनीहरूले ईसा मसिहलाई खुदाको रुहबाट जन्मिएको हो भन्ने कुरालाई कबुल गर्दैनन्। उहाँमात्र एक पाक जन हुनुहुन्छ जसले सारा दुनियाको गुनाहहरूलाई धुन सक्नुहुन्छ। खुदाको कलामले भन्दछ, *"खुदावन्द इसा मसीहमाथि इमान ल्याउनुहोस् र तपाईंले नजात पाउनुहुनेछ - तपाईं र तपाईंको परिवारले।" प्रेरित १६:३१*

## के तपाईंले त्यो नजातलाई कबुल गर्नुभएको छ जो तपाईंको निम्ति तयार गरिएको छ ?

एक अनपढ भारतीय स्त्रीलाई ईसा मसिहमा उनको ईमानको बारेमा प्रश्न गरिएको थियो । उनले भने, “उहाँको रगतले मेरो हृदयको सबै गुनाहबाट मलाई आजाद गर्नुभयो” । यस अनपढ स्त्रीले त्यो नजातको बारेमा गहिरो अनुभव गरेका थिए । जो कोहीले ईसा मसिहलाई पहिचान गर्दछ र उहाँको कुर्बानीलाई बुझ्दछ, उसले तुरुन्तै ईसा मसिहलाई कबुल गर्नेछ र आफ्नो नापाक र गुनाहको जिन्दगीलाई उहाँमा सुम्पिने छ । त्यसपछि उसको हृदयमा खुदाको नजातमाथि ईमान ल्याउनेछ र खुदाको नजाद प्राप्त गर्नेछ ।

यो याद गर्नुहोस् कि ईसा मसिहलाई तपाईंको गुनाहको निम्ति फरि मर्न जरुरत छैन । उहाँले तपाईंको लागि एकचोटि र सदाको लागि पाक साफ गरी सक्नुभयो । यो सच्चाईमा ईमान राख्नुहोस् । आफैलाई साहसी बनाउनुहोस् र खुदालाई धन्यबाद दिनुहोस् जसले तपाईंलाई (आजाद) स्वतन्त्र गरिदिनुभयो । उहाँले तपाईंलाई धेरै नै मोहब्बत गर्नुहुन्छ, किनभने उहाँले आफ्नो प्रिय पुत्र तपाईंको लागि र सारा दुनियाको लागि कुर्बान गरिदिनुभयो । नजातको काम पूरा भईसकेको छ । के तपाईं साँच्चै कबुल गर्नुहुन्छ? तब तपाईंले खुदाको बारेमा नयाँ तरीकाले जान्नुहुनेछ, कि उहाँ एक (दयालु) मेहरबान, माफ गर्ने र मोहब्बतको सागर हुनुहुन्छ ।

के तपाईंले यस नाजातलाई कबुल गर्न चाहनुहुन्छ ? यो गर्न कुनै मुश्किल छैन । एउटा शान्त ठाउँमा वा बन्द कोठाभित्र एक्लै, वा एक ईमान्दार साथीसँग घुडाँ टेकी आफ्नो पूरा हृदयबाट यसरी दुआ गर्नुहोस, “हे खुदा, तपाईंले मलाई देखी रहनुभएकोछ, र मलाई जान्नुहुन्छ । मैले खराब काम गरेको छु, र त्यस प्रति म लज्जित र दुखित छु । मलाई माफ गरिदिनुहोस् र मेरो हृदयलाई पूर्ण रुपमा पाक र साफ गरिदिनुहोस् । आमिन्”

उहाँलाई फेरि दुआ गरी भन्नुहोस, “हे खुदावन्द तपाईंलाई धन्यवाद दिदछु कि तपाईंले मलाई मेरो गुनाहको सजाय दिनुभएन, नता मलाई (मौत) मृत्यु नै दिनुभयो, जसको लागि म लायक थिए । तपाईंले नजात दिनुहुने ईसा मसिहलाई, मेरो निम्ति र सारा संसारका मानिसहरुको गुनाहको निम्ति मर्न पठाउनुभयो । हे खुदा तपाईंलाई धन्यवाद छ, कारण तपाईं अति (मेहरबान) दयालु हुनुहुन्छ । ईसा

मसिहले मेरा सबै गुनाहलाई बोक्नुभयो र मेरो निम्ति सजाय पनि भोग्नुभयो । म उहाँलाई मेरो व्यक्तिगत नजात दिने खुदा भनि कबुल गर्छु र म यो ईमान राख्छु कि उहाँले मलाई तपाईंसँग मिलाप गराउनुभयो अनि मेरो दिल पाक अनि साफ गर्नुभयो । म अब उहाँको (अनुग्रह) फजलले भरिएको छु । खुदावन्द तपाईंलाई धन्यवाद किनकि तपाईंले मलाई अप्नाउनुभयो र मलाई सदाको लागि बचाउनु भई नयाँ जिन्दगी दिनुभयो । आमिन् ।"

प्रिय मित्र, जुन दुआ तपाईंले गर्नुहुन्छ, उसमा ईमान राख्नुहोस् किनभने खुदाले तपाईंको दुआ सुनिरहनुभएको छ । आफ्नो ईमानमा अटल रहनुहोस् र (दयालु) मेहरबान खुदासँग आफ्नो हृदयदेखि बातचित गर्नुहोस् किनभने खुदा नै मोहब्बत हुनुहुन्छ । उहाँले तपाईं र सारा मानिसको निम्ति नजातको काम तयार गरिसक्नुभएको छ । तपाईंले सधैं यो याद राख्नुहोस् कि त्यो नाजातको काम, जो ईसा मसिहको रगतले पूरा भएको छ, तपाईंको निम्ति सबैभन्दा ठूलो सबुत हो ।

खुदाको (बर्रा) थुमाले तपाईंको जिन्दगीलाई गुनाहबाट नाजात दिनुभयो र पाक बनाउनुभयो । यदि तपाईंले खुदाको कलाममा ईमान राख्नुभयो भने तब तपाईंले पाक रुहको आवाज सुन्नुहुनेछ जो तपाईंको ईमानलाई अझ मजबुद बनाउनुहुनेछ । ईसा मसिहले भन्नुभयो, *"ए मानिस, तिम्रो गुनाह माफी भयो" । लूकाको इन्जील ५:२०*

यही समयमा खुदाको शुकुन तपाईंको (आत्मा) रुहमा भर्नुहुनेछ । तपाईं एक नयाँ मानिस बन्नुहुनेछ । यसैले यो जरुरी छ कि तपाईंलाई नाजात दिनुहुनेलाई धन्यबाद दिई कबुल गर्नुहोस् । उहाँलाई ईन्कार नगर्नुहोस् किनभने ईसा मसिहले तपाईंलाई बचाउनुभएको छ । यो नाजात प्राप्त गर्नलाई तपाईं नै जिम्मेवार हुनुहुन्छ । पाक रुहले तपाईंलाई चेतावनी दिदंछ, *"यसकारण (पवित्र आत्मा) रुहुल-कुद्दुस भन्नुहुन्छ, 'आज तिमीहरुले उहाँको शब्द सुन्यौ भने, उजाड स्थानमा परीक्षाको समयमा विद्रोहका दिनमा गरेजस्तो आफ्ना हृदयलाई कठोर नपार, जहाँ तिम्रा पुर्खाहरुले मेरो परिक्षा गरे, र चालिस वर्षसम्म मेरा कामहरु देखे ।" ईब्रानी ३:७-८*

## के तपाईं आफ्नो नाताजमा ईमान राख्नुहुन्छ ?

एक ईसाई उलमालाई भारतमा भएको मजअबी ऊलमाहरूको एक बैठकमा सहभागी हुनलाई (दावतनामा) निम्तो मिल्यो । तर उनले त्यो (मजहबी) धार्मिक

बैठकमा शामिल हुनलाई इन्कार गरे। उनलाई आफ्नो मजहबको सिर्फ खास उसुल र केही कुरामात्र जानकारी थियो। उसलाई धेरैले कर गरे पछि आखिरमा जान राजी भए। उनले दुआ गर्न थाले कि खुदाको रुह उनलाई अगुवाई गरुन्। तब उनले दिलमा (शुकुन) शान्तिको साथ त्यस बैठकमा गए।

जब उनी त्यस बैठकमा आईपुगे, तब उनी यो देखेर अचम्ममा परे कि त्यहाँ करिब दुई हजार मानिस, केही इज्जतदार शेख र ऊलमाहरुले घेरेर उनको इन्तजार गरिरहेका थिए। तिनीहरुले त्यस उलमासँग उसको उसूल अनि परम्परा, कानून र दुआको तरिकाबारे उसको राय (ख्यालत) बारे सवाल सोधे। उनले केही सवालको जवाफ दिन सके। अनि तिनीहरूले उनलाई अन्तिम चोटि सोधे, “के तिमी आफ्नो (मजहब) धर्मको बारेमा हामीलाई केही बताउन सक्छौं?” उनले हर्षकोसाथ उत्तर दिए, “पाक खुदाले मेरा सबै गुनाहहरूलाई खुदावन्द ईसा मसिहद्वारा माफ गर्नुभएको छ। उहाँमा नै म (रास्ताबाज) धर्मी हुनआए र मेरा गुनाहहरू मबाट हटियो। म अब कहिल्यै पनि (न्याय) आखिरतको दिनमा पर्नलाई डराउने छैन्। किनभने मेरो नजात ममा पूरा भईसकेको छ।”

त्यस धार्मिक धर्मगुरूहरूले उनको गवाहीलाई इन्कार गरे र चिच्चाउँदै भने, “यो असम्भव छ। कुनै मानिसलाई पनि यो थाहा छैन कि न्यायको दिनमा के हुनेछ। अन्तिम न्यायमा खुदाले उनलाई के इनाम दिनुहुन्छ भनेर कोही पनि निश्चिन्त हुन् सक्दैन। तपाईंले भन्नुभएको कुरामा हामी चिन्तन गर्छौ तर “मेरा गुनाहहरू माफ गरीएको छ, भन्नु त ईश्वरनिन्दा हो।”

तर त्यस जवानले स्पष्टसँग र दुढ अवाजको साथ जवाफ दिईकन यसरी भने “तपाईंहरूले मेरो विचारलाई तपाईंहरू कै धार्मिक दर्शनशास्त्रका कुराहरू अनुसार सवाल सोध्नुभएको थियो। मैले, तपाईंहरूको धेरै सवालहरूको जवाफ दिन सकिन र केहीको मात्र जवाफ दिए। तर अब मैले यही बुझे कि तपाईंको (धर्म) मजहब र मेरो (मजहब) धर्ममा भिन्नतामा। म यो कबुल गर्छु कि तपाईंको धेरै (शरियत) व्यवस्थाहरू, चलनहरू, र बानी लागेको दुआहरूले कहित्यै पनि तपाईंहरूको समझमा (सुकुन) शान्ति ल्याउन सक्दैनन्। तपाईंको हृदयमा (माफी) क्षमादानको निश्चयता छैन, तर म चाहिँ पूर्णरूपमा निश्चिन्त छु र खुसीको साथ भन्न सक्छु कि महान खुदाको मोहब्बत व्यक्तिगत रूपमा ममा छ। उहाँले मेरा गुनाहहरूलाई ईसा मसिहद्वारा माफ गरिदिनुभयो। न कुनै मानिसले न शैतानले नै खुदाको (फजल) अनुग्रह मबाट खोसेर लान सक्दछ।”

प्रिय मित्र, खुदाले तपाईंलाई बचाउनुभएको छ भनि के तपाईं आफ्नो हृदयमा यो ईमान राख्नुहुन्छ ? उहाँ तपाईंलाई आफ्नो पाक रुह दिनलाई तयार हुनुहुन्छ। पाक रुहले तपाईंको रुहमा गवाही दिदछ कि तपाईं खुदाको छोराछोरी मध्येको एक हुनुभएको छ। यसैले खुदाले तपाईंलाई पाक बनाउनुभयो र खुसीले भरिएको एक नयाँ जिन्दगी दिनुभयो। यो तिनीहरु सबैको लागि अनुभव हो जसले नाजात दिनुहुने ईसा मसिहलाई कबुल गरेको छ। तिनीहरुले त्यो कहिल्यै नामेट नहुने खुदाको मोहब्बतमा निश्चित छ। यदि तपाईंले अहिलेसम्म पनि नाजातको निश्चयता पाउनु भएको छैन भने विनम्रसाथ खुदालाई माग्नुहोस् र उहाँले तपाईंको हृदयमा उहाँको पाक रुह राखिदिनुहुन्छ, जो सधैंभरि तपाईंसँग बस्नुहुनेछ र खुदाको मोहब्बतले तपाईंको जिन्दगीलाई सुकुन मिल्नेछ।

हरेक मानिस जो ईसा मसिहलाई मोहब्बत गर्दछ, ऊ एउटा अन्धो मानिस जस्तो हो, जसको आँखा भखरै मात्र खोलिएको छ। ऊ खुदा कहाँ जाने ढोका खोलिएको देख्दछ र ईसा मसिहलाई पहिचान गर्दछ जो अनन्तको स्रोत हुनुहुन्छ। उहाँद्वारा हामीले नयाँ जिन्दगी प्राप्त गर्दछौं जसले हाम्रो पुरानो स्वाभालाई परिवर्तन गरिदिदछ। ईसा मसिहको कुर्बानीको माध्यमबाट हामीले खुदाको नजात अनि पाक रुह प्राप्त गर्दछौं अनि हामी नयाँ मानिस बन्दछौं। यदि तपाईंले नजातकर्ता ईसा मसिहमाथि ईमान ल्याउनुभयो भने तपाईं साँच्चै सही जिन्दगी प्राप्त गर्नुहुनेछ। ईसा मसिहले भन्नुभो, *“चोर त चोर्न, मार्न र नाश पार्न मात्र आउँछ। म त तिनीहरुले जीवन पाऊन्, र त्यो प्रशस्त मात्रामा पाऊन् भनि आएँ।” यूहन्नाको इन्जील १०:१०*

## नजातले तपाईंलाई नयाँ दुआ गर्न लगाउँदछ।

तिनीहरु सबै जसले ईसा मसिहलाई आफ्नो एकमात्र नजातकर्ता भनि कबुल गर्दछ अनि सधैं उहाँमाथि ईमान ल्याउदछ, तिनीहरूको जिन्दगीमा बदलाव महशुस गर्दछ। यो भित्री बदलावलाई उसको चालचलनद्वारा देख्न सकिन्छ। ऊ ज्यादा समय, गुनाहमा फस्दैन कारण उसले खुदाबाट एक नयाँ जिन्दगी हासिल गर्दछ र खुदाको सन्तान (औलाद) बन्दछ।

ईसा मसिहले दिनुहुने नजातले तपाईं भित्र दुआ गर्ने एक नयाँ मानिस पैदा गर्दछ। खुदाको ईबादत गर्नुहोस् र शुक्रगुजार हुनुहोस् किनभने ईसा मसिहद्वारा उहाँ तपाईंको पिता बन्नुभएको छ। अब गुनाहले तपाईंलाई खुदा देखि टाढ़ा राख्न

सक्दैन कारण ईसा मसिहको रगत तपाईंको निम्ति बहेको छ, र तपाईं पाक र साफ बन्नुभएको छ। खुदाको रुहले तपाईंलाई खुदामा दुआ गर्नलाई अगुवाई गर्दछ।

तपाईंको दुआ एक देखावटी होइन तर तपाईं साँच्चै नै सिधै खुदासँग बातचित गर्न सक्नुहुनेछ। तपाईंमा भएका समस्या, गल्ती र डरहरू उहाँलाई भन्न सक्नुहनेछ र उहाँले आफ्नो पवित्र ईन्जीलद्वारा जवाफ दिनुहुनेछ।

तपाईं अब एक्लो हुनुहुन्न्, किनभने ईसा मसिहले तपाईंलाई उहाँको संगतिमा महान् खुदासँग एक गराउनुहुनेछ। पाक खुदा चाहिँ तपाईंबाट अब टाढा हुनुहुन्न। उहाँ तपाईंको पिता हुनुहुन्छ। उहाँले तपाईंलाई व्यक्तिगत रूपमा चिन्नुहुन्छ। उहाँको (कुद्रती) स्वर्गीय ईच्छाले तपाईंलाई बचाउनुहुनेछ। यसकारणले उहाँमा धन्यवादी हुनुहोस् र तपाईंको दिल खुशी र स्तुती गर्नलाई उहाँको नजातले भर्नुहोस्, किनभने पाक खुदा आफैले तपाईंलाई (दया) रहम देखाउनुभयो र तपाईंको सबै गुनाहहरूलाई माफ गरिदिनुभयो र उहाँको पुत्रको अमुल्य रगतद्वारा तपाईंलाई (साफ) शुद्ध पार्नुभयो।

त्यसैकारण, तपाईंले आफ्नो हृदय र जिब्रोले नबी दाऊदसँगै गीत गाउन सक्नुहुनेछ, *"हे मेरो प्राण, खुदावन्दको प्रशंसा गर्, ए मेरो सारा अन्तस्करण, उहाँको (पाक) पवित्र नाउँको स्तूती गर्। हे मेरो प्राण, खुदावन्दको प्रशंसा गर्, र उहाँका सबै उपकारहरु नबिर्सी। जसले तेरा सबै (गुनाह) पापहरु क्षमा गर्नुहुन्छ, र तेरा सबै रोगहरु (शिफा) निको पार्नुहुन्छ, जसले तेरो जीवनलाई दोजकबाट मुक्त गर्नुहुन्छ, र तँलाई करुणा र कृपाको मुकुट लगाइदिनुहुन्छ। उहाँले तेरा इच्छाहरु उत्तम कुराले तृप्त गर्नुहुन्छ, ताकि तेरो जवानी चीलको जस्तै फेरि नयाँ होस्।" जबूर ११३:१-५*

खुदावन्द तपाईंको दिलमा एक नयाँ गीत राख्नुहुन्छ र तपाईं उहाँको महान नजातको लागि शुक्रगुजार हुनुपर्छ। के तपाईंको हृदयमा उहाँको तारिफको निम्ति लगातार गीत गुन्जीरहन्छ ? के तपाईं उहाँको प्यार, हौसला, ईमान र रहमको निम्ति शुक्रगुजार हुनुहुन्छ। ईसा मसीह तपाईंको निम्ति यस दुनियामा जन्म लिनुभयो। रुहानी बरकतद्वारा उहाँलाई धन्यबाद दिनुहोस् कारण खुदाले तपाईंलाई नजात दिनुहुने मसीह दिनुभयो। उहाँलाई धन्यबाद दिन नरोक्नुहोस्। खुदाको नजातलाई कबूल गरी आफ्नो जिन्दगीलाई बदल्नुहोस् र किताबे मुकद्दसमा

लेखिएको अल्फाज तपाईंको निम्ति सत्य हुनेछ । जस्तो लेखिएको छ, *"यदि कोही इसा मसीहमा छ भने ऊ नयाँ (मख़लुकात) सृष्टि हुन्छ ।" (२ कोरिन्थी ५:१७)*

हामी करोडौं इमान्दार मानिसबाट जान्न सक्छौ कि जब देखि हाम्रो हृदय मसीहको रगतले साफ भएको छ, तब देखि हाम्रो हृदयमा रुहानी दुआ हालिदिनुभएको छ । हाम्रो आसमानी पिता आफ्ना छोरा-छोरीको दुआलाई सुन्नुहुन्छ । यदि हामी उहाँको ईच्छा अनुसार हिड्चौ भने उहाँले हमेशा हाम्रो दुआको जवाफ दिनुहुन्छ । हाम्रो सिधा सम्बन्ध खुदासँग हुन्छ । यस खास नजातको लागि उहाँलाई धन्यबाद दिनुहोस् ।

## लगातार नयाँ (नियम) अहदनामा पढ्नुहोस् र खुदाको नजातमा मजबूत हुनुहोस् ।

मसीहमा इमान राख्ने मानिस सबै मुसिबतको समयमा खुदाको मजबूत हातमा सुरक्षित रहन्छ र खुदाको सामर्थी हातले बचाउनुहुन्छ । मुसिबतको समयमा खुदाको कलामद्वारा तागत प्राप्त हुन्छ जसले उसलाई आराम दिन्छ । खुदा उसको साथमा रहनुहुन्छ अनि यी भन्दा ज्यादा खुदाको पाक रुह उसको साथमा रहनुहुन्छ । खुदाले जाँच र मुसिबतको समयमा ती माथि विजय दिनुहुन्छ । जिन्दगीको सबै परेशानको समयमा इमान्दार खुदासँग हौसला र सहायता प्राप्त गर्नुहुनेछ ।

यदि तपाईं नजातमा मजबूत हुन चाहनुहुन्छ भने लगातार खुदाको कलाम पढ्नुहोस् । पाकरुहले बताएको (रास्ता) बाटोमा हिड्ने मानिस बन्नुहोस्, जसले तपाईंलाई ईमान्दारहरुको समूहमा अलग-अलग (सेवा) खिदमद्को लागि अगुवाई गर्नुहुन्छ । खुदाको रसूल पावलले यो इकरार गरेका छन्, *"किनकि (इन्जील) खुस-खबरीको निम्ति म शर्माउदिन, किनभने विश्वास गर्ने प्रत्येकका मुक्तिको निम्ति यो परमेश्वरको शक्ति हो, पहिले यहुदीहरुको निम्ति, र अन्यजातिहरुका निम्ति पनि ।" रोमी १:१६*

हामी खुदाको (वचन) कलाम बिना जिउँदो रहन सक्दैनौ । किताबे मुकद्दस (बाइबल) हाम्रो रुहानी खुराक हो । हामी हप्तामा ३ बार खाना खादैनौ तर दिनमा ३-४ बार खानेकुरा खान्छौ, ताकि हामी दैनिक काम र जिम्मेवारी पूरा गर्न सक्छौ । यो सोच्नुहोस् कि तपाईं हप्तामा सिर्फ एकबार मात्र खानुहुन्छ भने सायद तपाईं चाडै मर्नुहुनेछैन तर तपाईंको जिस्म (शरीर) कमजोर हुदै जान्छ

अनि तपाईं जिन्दगी र (मौत) मृत्युको बीचमा हुनुहुनेछ। तपाईं कुनै पनि ठूलो काम गर्न काबिल हुनुहुन्न तर तपाईं ज्यादा समय बिस्तारामा गुजार्नुहुन्छ। रुहानी जिन्दगी पनि यस्तै हुन्छ। हरेक मसीही प्यार, ईमान र उम्मीदमा बढ्न सक्दैन, जबसम्म ऊ धन्यबादीसाथ आफ्नो दैनिक रुहानी खाना खादैन। तपाईंले ध्यानसाथ इन्जीललाई पढ्नुपर्छ र हृदयबाट खुदाको कलाम सिक्नुपर्छ। ईसा मसीहले भन्नुभयो, “मानिस रोटीले मात्र बाँच्दैन, तर खुदाको कलामबाट बाँच्छ।”

यदि तपाईंको साथमा किताबे-मुकद्दस (बाइबल) छ भने, त्यसलाई ताकमा नराख्नुहोस्। त्यसमा धुलो जम्न नदिनुहोस्। आफ्नो हात उठाएर बाइबल खोल्नुहोस् र दैनिक रुपमा पढ्नुहोस् र ध्यान दिनुहोस् र तफ्सीर गर्ने आयतलाई याद गर्नुहोस्। खुदावन्दको कलामले आफ्नो हृदयलाई भर्नुहोस् कारण सबै कायनात्‌को मालिक खुदा उहाँको कलाम मार्फत तपाईंसँग बातचित गर्नुहुन्छ।

खुदाको एक (खादिम) सेवक एउटा गम्भिर शल्यकृयाको लागि अस्पतालमा आए। आफ्नो रिस्तेदारहरु र अस्पतालका कर्मचारीहरुको निम्ति दुआ गरेपछि उसलाई बेहोशीको दवाई दिइयो। केही समय पछि उसको शल्यकृया सफल भयो। बेहोशी अवस्थामा पनि तिनी किताबे-मुकद्दसको आयात उचारण गर्थे अनि पूरा होशमा आउँदा पनि उसले खुदाको कलामनै बोले।

यदि तपाईं पनि यस्तै हालातबाट गुर्जनुभयो भने तपाईं के गर्नुहुन्थ्यो ? तपाईंको हृदयमा जे छ तपाईं त्यही कुरा बोल्नुहुन्छ। यदि तपाईं रुहनियतमा बढ्न चाहनुहुन्छ भने तपाईंले लगातार किताबे-मुकद्दस (बाइबल) पढ्नुपर्छ। खुदा आफ्नो कलाम मार्फत तपाईंसँग सिधा बातचित गर्नुहुन्छ।

यदि तपाईं मसीहको रुहको अगुवाई चाहनुहुन्छ भने यस (नियम) उसुललाई नभुल्नुहोस्। लगातार किताबे-मुकद्दस (बाइबल) पढ्नुहोस् र दुआ गर्नुहोस्। तब तपाईंले यसलाई बुझ्नुहुनेछ। खुदाको कलामलाई ध्यान दिनु कुनै मुश्किल कुरा होइन तर यो अनोखा तर्जुबा र अख्तियार हो।

एक जवान मानिसले आफ्नो मंगेतरको चिठीलाई इन्तजार गर्दछ। जब उसले सो चिठी हासिल गर्छ तब ऊ हतार हतार गर्दै खोलेर यसलाई धेरै पल्ट दोहोऱ्याएर पढ्छ र यसमा लेखिएको हरेक शव्दलाई ध्यान दिन्छ।

यसैगरी मसीहलाई मोहब्बत गर्ने मानिस सिर्फ खुदाको कलाम पढेर यसमा ध्यान गर्छ।

## अरूको (खिदमात्) सेवा गर्न मसीहले तपाईंलाई आग्रह गर्नुहुन्छ ।

खुदा अनि उहाँको कुब्बतमा मजबूत बन्नुहोस् । हाम्रो खुदावन्द मसीहको नमूना कबूल गर्नुहोस् । अरुको खिदमत (सेवा) गर्नलाई मसीहको मोहब्बतको नमूनालाई कबूल गर्नुहोस् । आफैलाई नकार्नूहोस्, अनि आफ्नो परिवारको लागि मात्र होइन तर अरुहरुको पनि वास्ता गर्नुहोस् र यो पहिचान गर्नुहोस् कि उनीहरुलाई पनि तपाईंको सहायताको जरुरत छ । खुदाको खुसीले उनीहरुको (सेवा) खिदमत् गर्नुहोस् ।

खुदामा हरेक समझदार, ईमान्दार मानिस अरुको (सेवा) खिदमत्को लागि सधैं हाजिर हुन्छ र असल नमूना बन्छ । *"जसरी मानिसको पुत्र पनि सेवा पाउनलाई होइन तर सेवा गर्न र धेरैको छुटकाराको मोल स्वरुप आफ्नो प्राण दिन आयो ।" मत्तिको इन्जील २०:२८*

के तपाईं अहिले यो अजिब सच्चाईलाई महशुस गर्नुहुन्छ । मसीहले गर्नुभएको सेवा वापद कुनै शुल्क वा रुपैया पैसा माग्नुभएन । उहाँले दिन-रात मानिसहरुको सेवा गर्नुभयो र गुनाहगारहरुलाई छुटाउन उहाँले आफ्नो (ज्यान) प्राण कुर्बान गर्नुभयो ।

आज तपाईं कसरी आरामसाथ बस्न सक्नुहुन्छ जबकी तपाईंलाई यो थाहा छ कि तपाईंको परिवार वा साथीहरुले साँचो खुदालाई चिनेको छैन र गुनाहले गर्दा दोजकको आगोमा पर्न लागेको छ । उनीहरुलाई किन मसीहको नजातको खुस खबरी नबताउने? तपाईंले पाउनुभएको नजातको बारेमा अरुहरुलाई पनि बताउनुहोस् र उनीहरुलाई दोजकको आगोबाट बचाउनुहोस् । अनि मात्र तपाईं उनीहरुको सँच्चा साथी र रिस्तेदार बन्नुहुनेछ ।

अफ्रिकाका एक मुस्लीम हाई स्कुलको विद्यार्थीले मसीहलाई मोहब्बत गरे र उहाँको नजातमाथि ईमान ल्याए । ती बिद्यार्थीले मसीहको वजुद र उहाँको कुब्बतबाट धेरै कायल भए । यसैले उसले आफ्नो कक्षाका सबै विद्यार्थी साथीहरुको निम्ति पैतिस ओटा नयाँ अहदनामा (इन्जील) किनेर ल्याए र सबैलाई बाडिदिए ।

पाकरुहले हामीलाई अगुवाई गर्नुहुन्छ र हामीद्वारा अरुहरुकहाँ साँचो गवाही पुऱ्याउनुहुन्छ । मसीहले आफ्ना चेलाहरुसँग वादा गर्नुभयो, *"पवित्र आत्मा (रुहुल कुद्दुस) आउनुभएपछि तिमीहरुले शक्ति पाउनेछौ र तिमीहरु मेरो गवाही हुनेछौ ।" प्रेरित १:८*

सायद तपाईंले यो महशूस गर्नुभएको होला कि सबै मानिसले यस खुसीको खबरलाई सुन्न तयार हुदैनन् । धेरैले नजात दिनुहुने मसीहलाई इन्कार गरे र उहाँले सलीबमा गर्नुभएको कुबार्नीलाई नफरत गरे । तिनीहरुले के गरिरहेका छन् भनि जान्दैनन् । यस्तो अवस्थामा तिनीहरुकहाँ मसीहको नजात पुऱ्याउने दुईवटा बाटोहरु छन्, या त उनीहरुको निम्ति दुआ गरेर वा चुपचाप उनीहरुको (खिदमत्) सेवा गरेर ।

चीन देश दुनियाको सबैभन्दा धेरै जनसंख्या भएको देश हो । त्यहाँ केही वर्ष अघि खुदाको कलाम फैलाउन सरकारी तौरबाट मनाही थियो । तर मसीहमा ईमान राख्नेहरुले उनीहरुलाई नफरत गर्नेहरुलाई खुदाको मोहब्बत र असल (सेवा) खिदमत्द्वारा जिते । काफिरहरुले ती इमानवालाहरुको केही खास कुब्बत र खुदाको मोहब्बतको कामको महशुस गरे । यसरी मसीहमा इमान राख्नेहरुले एक असल गवाही दिए ।

मिस्र देशको एक मेडिकल विद्यार्थीले पत्रमा यसरी लेखे, "म आफ्नो नयाँ इमानको बारेमा आफ्नो घरमा बोल्न सक्दिन कारण म एक महिला हुँ । मेरो खानदान आफ्नो बुजुर्गको मजहब र रिती-रिवाजमा कट्टर छन् । मेरो निम्ति दुआ गरिदिनुहोस् कि म एक पाक जिन्दगी जिउन सकू र (दयालु) मेहरबान बन्न सकू र घरमा कुनै शिकायत नगरु ताकि मेरो खानदानले पाकरुहको प्यारले मेरो कमजोरीमा कसरी काम गर्छ भनि बुझ्न सकून्" ।

खुदावन्द ईसा मसीहले पनि यही कुरा आफ्नो चेलाहरुलाई भन्नुभयो, *"तिमीहरु दुनियाँका (ज्योति) नूर हौ । तिमीहरुको (नूर) ज्योति मानिसहरुका सामुन्ने चम्कोस्, र तिनीहरुले तिमीहरुका सुकर्म देखून्, र स्वर्गमा हुनुहुने तिमीहरुका पिताको (जलाल) महिमा गरुन् ।" मत्तिको इन्जील ५:१४-१६*

के तपाईंले यो महशुस गर्नुभएको छ कि मसीहको रुह तपाईंलाई असल र पाक फल दिनको लागि तयार हुनुहुन्छ ? रसूल पावलले गलातिको पत्रमा लेखेका छन्, *"तर (रुहुल कुद्दुस) पवित्र आत्माको फल चाहिँ प्रेम, आनन्द, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता, संयम हुन् ।" (रोमी १:८)*

यो सुनौलो आयातको पहिलो र दोस्रो हिस्सालाई ध्यान दिनुहोस् अनि खुदासँग माग्नुहोस् कि आफ्नो जिन्दगीमा यो आयत असलियत बनोस् । तब तपाईं पुरा जिन्दगी खुशी र सुकून्को साथ जिउन पाउनुहुन्छ ।

## आफ्नो दुश्मनलाई मोहब्बत गर

तपाईंको इमान र तपाईंको नजातको जाँच तब हुन्छ जब तपाईं मुश्किल, बागवत र कठोर हृदयको मानिसलाई भेट्नुहुन्छ । ति मानिस जसले तपाईंलाई दुख, चोट र कष्ट दिन्छ । आफ्नो (धर्म) मजहबको धम्की दिन्छ । यसैले मसहिलाई याद गर्नुहोस्, जसले तपाईंलाई तपाइको सबै गुनाहबाट छुटकारा दिनुभयो । यसैले तपाईंले पनि आफ्नो हृदयबाट आफ्नो दुश्मनलाई माफ गर्नुपर्छ । खुदाको मोहब्बतले तिनीहरलाई साँचो मोहब्बत गर्न उस्काउछ । यो झूटो होइन नत मुश्किल नै छ । तर यो आसमानी कुव्वतद्वारा तपाईं भित्र आउछ, जो तपाईं भित्र खुसी पैदा गर्छ । पाकरूह हामीलाई ताकत दिनुहुन्छ र मसीहको हूकुम हामी भित्र रहन्छ, जसले हामीलाई भन्नुभयो *“तर म तिमीहरुलाई भन्दछु, आफ्ना (शत्रू) दुश्मनहरुलाई मोहब्बत गर, र तिमीहरुलाई सताउनेहरुका निम्ति दुआ गर, र तिमीहरु आसमानमा हुनुहुने आफ्ना पिताका छोराहरु हुनेछौ । उहाँले दुष्ट र सज्जन दुवैलाई सूर्यको ताप दिनुहुन्छ, र धर्मी र पापी दुवैलाई वृष्टि दिनुहुन्छ ।” मत्तिको इन्जील ५:४४-४५*

खुदाका एक (खादिम) जन आफ्नो मोटर साइकलमा एक सुनसान बाटोमा गईरहेको थिए । उसले एक जवान मानिसलाई सडकको छेऊमा उभिएको देखे । जसले मोटरसाइकलमा बस्नलाई इसारा गरिरहेका थिए । ती जनले रोकेर उसलाई पछाडि राखेर केही पर पुगेपछि पछाडि बस्ने ती जवान मानिसले बन्दुक तेर्साउदै भने, “मोटर साइकल रोक र तुरून्तै ओर्ली । तेरो पर्स मलाई दे ।” ती खुदाको जन ओर्लेर पर्स झिक्न कोशिश गरे । चोरको मनमा लालच बढ्यो र त्यसले पर्स खोस्न हात बढायो । ठिक त्यही समय ती जनले चोरको बन्दुक समातेको हातलाई आफ्नो हातले बेस्सरी हिर्काए र बन्दुक भुईमा खस्यो । त्यसपछि झम्टेर त्यो चोरलाई भुईमा पछारेर त्यसको दुई हात च्याप्प पक्रेर त्यस चोरलाई जोडले भने, “त दुआ गर र आफ्नो गुनाह कबूल गर । तेरो (मौत) मृत्यु मेरो हातमा छ । आँखाको बदला आँखा र दाँतको बदला दात । जसरी, तैले मेरो साथ गरेको छस् म पनि तसँग त्यसै गर्नेछु ।”

ति चोरले घुडा टेकी घोप्टो परि भने, “म माथि रहम गर्नुहोस्, म एक गरीब मानिस हुँ ।” ति खुदाको जनले जवाफ दिए, “त एक चोर र हत्यारा होस् । खुदाको (न्याय) गजब तमाथि छ । अब त मर्नेछन् र सीधा दोजखमा जानेछस् ।”

तर ती जनले भने, “यो तेरो जिउने तरीका हो । म पनि एक समयमा त जस्तै थिए, तर अब इसा मसहीलाई पाए पछि उहाँले मेरो सबै सबै गुनाह माफ गर्नुभयो र मेरो नफरतलाई कब्जा गर्नुभयो । म तलाई माफ गर्दछु । (सकून) शान्ति साथ घर जा ।”

त्यो चोर खडा भएर खुदाको ती जनलाई हेरेर घबराएर भने, “के तपाईं साँच्चै मलाई जान दिनुहुन्छ? या म दस कदम गए पछि, मलाई पछाडीबाट गोली हान्नुहुन्छ?” तब ति जनले भने, “होइन, तर तलाई मालुम हुनुपर्छ कि जिन्दगी दिने म होइन तर इसा मसीह हुनुहुन्छ । म तँ भन्दा असल छैन तर इसा मसीह जसले मलाई बचाए, तलाई पनि बचाउनुहुन्छ । उहाँमा इमान राख् र आफ्नो जिन्दगी बदली गर ताकी मरेपछि त हमेशको निम्ति दोजखको आगोमा पर्न नपरोस् ।” यी कुरा सुनेर त्यो चोर उल्झनमा परे र यी कुरा विचार गरि आफ्नो बाटो लागे ।

यो एक काल्पनिक कहानी भए पनि सबैले यसरीनै महशूस गर्दैन । तर हाम्रो दैनिक जिन्दगीमा इसा मसीह अरूलाई माफ गर्न सिकाउनुहुन्छ । अनि जुन खराब काम हामीलाई गरेको छ त्यो भूल्न सिकाउनुहुन्छ । हामीले तिनीहरूको निम्ति पनि दुआ गर्नुपर्छ, जसले हाम्रो भलाईको कामलाई कबूल गर्दैनन् । हाम्रो नजातकर्ताले पनि आफ्नो दुश्मनको लागि सलिबमा टाँगिदा, दुआ गर्नुभयो *“हे पिता, यिनीहरूलाई माफ गरिदिनुहोस् किनकी तिनीहरू के गर्दैछन्, सो जान्दनन् ।” लूकाको इन्जील २३:२४*

*“खराबीबाट पराजित नहोओ, तर खराबीलाई भलाइले जित ।” रोमी १२:२१*

यसैले मृत्युभन्दा ज्यादा ताकतवर मोहब्बत हो अनि नफरतभन्दा ज्यादा ताकतवर माफी हो ।

यसैले मेरो मित्र, यदि तपाईं इसा मसीहकको नजातको वारेमा हाम्रो यो (शिक्षा) तफसीरलाई बुझ्नुभयो भने तपाईंले ध्यान दिनुभयो होला कि यस नजातको लागि दुई (रास्ता) बाटो छ । पहिला हामी गुनाह र आखिरी अदातलबाट बच्दछौं । दोस्रोमा, हामीलाई इसा मसीहको (खिदमात्) सेवा गर्नमा मद्दतगार हुन्छ । नजातलाई एक आपसी दुआ जरूरत हुन्छ । हामी समझदार, इमानदार प्यार, रहम, खुसी आदि कुरामा बढ्दै जान्छौ । के तपाईं साँच्चै यी कुराहरुमा बढ्नुभएको छ?

# हाम्रो नजातकर्ता फेरी चाँडै आउदैहुनुहुन्छ

*"म तिमीहरुलाई टुहरा छोड्नेछैन । म तिमीहरुलाई लिन आउनेछु । यूहन्नाको इन्जील १४:१८*

हामी हाम्रो खुदावन्द मसीहलाई फेरी यस जमीनमा फेरी आउने इन्तजार गरिरहेका छौ । उहाँको आगमन नै हाम्रो उम्मीदले भरिएको आशा हो ।

एक सिकर्मी (काठको काम गर्ने) आफ्नो कारखानामा वसेर फर्निचर बनाइरहेको थिए । अनि उसको मसीही भाइ त्यहाँबाट गईरहेको थिए । तिनले उनलाई तपाईं कस्तो हुनुहुन्छ र के गरिरहनु भएको छ भनेर सोधे । ति सिकर्मीले जवाफ दिएर भने, "म मसीह फेरी मलाई लिन आउने इन्तजार गरिरहेको छु र यसको साथ-साथ फर्निचर पनि बनाइरहेको छु ।" यसरी नै मसीहमा इमान राख्नेहरू लामो समयदेखि उहाँको इन्तजार गरिरहेका छन् कि उहाँ आएपछि उहाँलाई देख्न सकून् । यही (उम्मिद) आशा उहाँको पछि चल्नेहरूको मकसद हो ।

जब मसीह आउनुहुन्छ तब हाम्रो नाशवान (जिस्म) शरीर बदली हुन्छ र हाम्रो खुदाको (जलाल) महिमालाई आफ्नो कमजोरीमा पहिरिनेछौं । हामी उहाँमा नयाँ र (कामिल) योग्यका हुनेछौं । ईसा मसीहमा उहाँको पछि चल्नेहरू खुसीको साथ उहाँसँग एक हुनेछ । हामी (उम्मीद) आशा गर्छौं कि जन्नतमा खान-पिन र (शादी) विवाह हुनेछैन तर हामी खुदाको साथ (अब्दियत) अनन्तको राज्यमा रहने छौं ।

ति सबै मानिस जसले मसीहको नजातलाई कबूल गर्दैन र आफ्नो (गरूर) घमण्डमा अडिक रहन्छ, त्यस समयमा डर र खौफमा हुनेछ । त्यस समय, तिनीहरूको गुनाहले तिनीहरूमाथि सजाय ल्याउने छ । तर मसीहमा इमान ल्याउनेहरू सजाय मुक्त हुनेछन् कारण आफ्नो गुनाह तौबा गरी खुदाको नजातलाई कबूल गरेका छन् जुन इसा मसीहले सलिबमा तिनीहरूको साटो मर्नुभयो । उहाँले तिनीहरूको सबै सजायबाट छुटकारा दिनुभयो र तिनीहरूलाई बे-इल्जाम (निदोष) ठहराउनुभयो । यसैले मसीहको सच्चा चेलामाथि अब सजायको हुकुम छैन ।

कयामत्को दिन हामी एक ठूलो भीड खुसीसाथ मसीहप्रति शुक्रगुजार हुँदै उहाँको नजातको गीत गाउदै गरेको देख्नेछौं । तर तिनीहरु जसले

खुदाको नजातलाई इन्कार गरेका छन्, तिनीहरु डर र भयमा हुनेछन् र पहाडहरुलाई 'हामीमाथि खस्' र डाँडाहरुलाई 'हामीलाई छोप' भन्न लाग्नेछन् ।" लूकाको इन्जील २३:३०

आफ्नो गुनाहमा मर्नेहरु र खुदाको नजातलाई इन्कार गर्नेहरु सदाको निम्ति दोजखको आगोमा जानेछन् किनकि तिनीहरुले नजात दिनुहुने मसीहमा इमान ल्याएनन् ।

*(किताबे मुकद्दस) बाइबलले यस सच्चाईलाई महशुस गराउदछ, "जिउँदो खुदाको हातमा पर्नु डरलाग्दो कुरो हो ।" इब्रानीको पत्र १०:३१*

## के तपाईले हाम्रा नजातकर्ता ईसा मसिहलाई साँचो मोहब्बत गर्नुहुन्छ?

प्रिय मित्र, के तपाईं हामीसँग खुल्ला हृदयबाट खुदाको नजातलाई मनन् गर्न चाहनुहुन्छ जुन नजात जो सारा संसारको निम्ति पहिले नै तयार गरिएको थियो ? हरेक व्यक्तिले यस अचम्मको नजातलाई पूर्णरूपमा अनुभव गर्नुपर्दछ र (रुहल कद्दस) पवित्र आत्माको शक्तिमा हरेक दिन बस्नुपर्दछ ।

सायद तपाईंले यो महसुस गर्नुभयो कि (मुक्ति) नजात मात्र यस किताबमा बताइएको विषय होइन । हरेक विषयले यही बताउदछ कि ईसा मसिहमा राखिएको ईमान र रुहानी तागतले नयाँ जिन्दगी दिन्छ । हामी उहाँको (जलाल) महिमा गर्दछौं, जसले साँच्चै सबै मानिसहरूलाई नजात दिनुभयो । हामीलाई नजात दिनुहुने ईसा मसिह बिना अरू कसैबाट हामीलाई नजात छैन ।

के तपाईंले ईसा मसिहको मोहब्बत र उहाँले गर्नुभएको कुर्बानीलाई बुझ्नुभएको छ? के तपाईंले उहाँको मेहरबानी र मायालु आवाजलाई ईन्जीलबाट सुन्नुभयो? के तपाईंले उहाँको सामर्थ्यलाई महशुस गर्नुभयो जसले संसारका मानिसहरूको (गुनाह) पापलाई माफी दिन सक्नुहुन्छ? यस दुनियामा यस्तो कोही मानिस छैन जसलाई ईसा मसिहको जस्तो महान मोहब्बत र उहाँको (पाक) पवित्रताले भरिएको जिन्दगीसँग तुलना गर्न सकिन्छ । उहाँले आफैलाई मानिसको पुत्र भनी परिचित गराउनुभयो अनि उहाँ खुदाको पुत्र पनि हुनुहुन्थ्यो । उहाँले आफैलाई नम्र तुल्याउनुभयो कि उहाँले जन्नतको (जलाल) महिमा छोडेर यस संसारमा गरीब गाईको गोठमा जन्मनुभयो । उहाँ मात्र योग्यका हुनुहुन्थ्यो जसले खुदा र यस संसारलाई मिलाप गराउनुभयो । उहाँले हामीलाई खुदाको छोराछोरी हुने अधिकार दिनुभयो र (अब्दियत) अनन्त जीवन तोहफाको रुपमा दिनुभयो ।

सर्वशक्तिमान खुदाले जिउँदो ईसा मसिहलाई आसमान र जमीनको सबै अधिकार सुम्पनुभयो । हामीले यो जान्नुपर्दछ कि नम्र र शान्तीका खुदावन्द ईसा मसीहले आफैलाई कहिल्यै उचाल्नुभएन तर सबैलाई नजात दिनुभयो जो नजातको चाहना राख्छ ।

प्रिय मित्रः यदि तपाईंले अहिलेसम्म ईसा मसिहलाई कबुल गर्नुभएको छैन भने, हामी तपाईंलाई नजातकर्ता कहाँ आउन (दावत) निम्तो दिन्छौं । एउटा पिताले आफ्नो हराएको छोरालाई पर्खिरहेकोभन्दा पनि बढी गरी उहाँले तपाईंलाई पर्खिरहनुभएको छ । यदि तपाईं ईसा मसिहमा जिन्दगी बिताईरहनुभएको छ भने, उहाँलाई (शुक्रियाआदा) धन्यबाद दिनुहोस् र सबैतिर नजातको खुसी खबरी बाड्नलाई सहभागी हुनुहोस् कारण यो खुसीको खबर दुनियाको सबै मानिसहरुको लागि हो ।

**आफैलाई जाच्नुहोस्ः**

**के तपाईंले पूर्ण रूपले नजातको अर्थलाई बुझ्नुभएको छ र यसलाई महशुस गर्नुभएको छ?**

यी सवाललाई ध्यान दिई पढ्नुहोस् र जवाफ दिनुहोस् अनि एउटा कागजमा जवाफ लेखि हामीलाई पठाउनुहोस् । तब हामी तपाईंलाई अर्को किताब (तोहफा) उपहारको रुपमा दिनेछौ ।

१) के आज धेरै जवान मानिसहरूले (नजात) मुक्तिको निम्ति प्रायश्चित (तौबा) गर्दछन्?

२) हामी खुदाकहाँ किन आउनु पर्दछ?

३) हाम्रो जिन्दगीको लागि सही स्तर के हो?

४) हाम्रो गुनाहको निम्ति तौबा गर्न किन जरुरी छ?

५) खुदाले (दुनिया) संसारको निम्ति नजातको कामलाई कसरी पूरा गर्नुभयो?

६) तपाईंले कसरी आफू भित्रको नजातलाई साबित गर्न सक्नुहुन्छ?

७) हामी कसरी हाम्रो नजातमा निश्चिन्त हुन सक्छौं?

८) नयाँ ईमानवालाहरूले कसरी दुआ गर्न सक्छ?

९) हामीले कसरी रुहानी जिन्दगीको रोटी हासिल गर्न सक्छौ जो हाम्रो नयाँ जिन्दगीको निम्ति अति आवश्यक कुराहरू हुन्?

१०) एक ईमानवालाले अरूहरूसँगको गर्ने व्यवहारको खास उसूल के हो ?

११) आफ्नो दुश्मनलाई मोहब्बत गर्नु किन तपाईंको नजातको पहिलो फर्ज हो ?

१२) हाम्रो नजातकर्ता ईसा मसिहको दोस्रो आगमनले किन ताल्लुक राख्दछ ?

१३) हामीले किन ईसा मसिहलाई मोहब्बत गर्नुपर्छ? हामीले उहाँलाई मोहब्बत गर्ने निसानीहरू के के हुन्?

१४) के तपाईं आफ्नो जिन्दगी तपाईंको जिउँदो नजातकर्ता ईसा मसीहलाई सुम्पनुभयो? उहाँमा तपाईंले कस्तो महशुस गर्नुभयो?

प्रिय मित्रः यदि यस किताबमा लेखिएको कुराले तपाईंको सवालहरुको जवाफ पूर्णरूपमा दिन सक्नुभएन भने वा यदि तपाईं अझैं पनि तपाईंको आफ्नै नजातमा निश्चित हुनुभएको छैन भने, हामीलाई लेख्नलाई नहिच्किचाउनुहोस् । हामी तपाईंलाई इमान्दारीताको साथ जवाफ दिनेछौं । तल दिइएको ठेगानामा तपाईंका जवाफहरु पठाउनुहोस् र तपाईंको आफ्नै पूरा ठेगाना चिठीमा लेख्नलाई नभुल्नुहोस् ।

के तपाईंले बाइबलका मुख्य (आयात) पदहरू पढ्नुभयो जुन चाहिँ यस किताबमा ठूलो अक्षरमा लेखिएको छ । तपाईंको मनमा त्यसलाई राख्नुहोस् । हृदयदेखि नै त्यसलाई पढ्नुहोस् र त्यो चाहिँ तपाईंको लागि जिन्दगीको खजाना हुनेछ ।

हामी तपाईंको लागि दुआ गर्नेछौं र तपाईंको जवाफ चाँडै आउने ईन्तजार गर्दछौं ।

**पत्राचारको लागि ठेगाना** :


## खुदाका कलाम

पो.ब.नं. १६१५, काठमाडौं, नेपाल

इमेल : khudakakalam@gmail.com

मो.नं. ९८०८०८३५२०